# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको संयुक्त Spring Meetings मा भाग लिई गभर्नर डा. नेपाल स्वदेश फिर्ता



१. गभर्नर डा. चिरंजीवि नेपाल अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डीसीमा सन् २०१७ अप्रिल १९ देखि अप्रिल २३ सम्म आयोजना गरेको 2017 Spring Meetings मा सहभागी भई २०७४ वैशाख ११ गते काठमाडौं फर्कनु भयो ।

२. वैठकको क्रममा २०७४ वैशाख ६ मा आयोजित Transmission of Macro-prudential and Monetary Policies Across Borders विषयक उच्चस्तरीय सभामा गभर्नर डा. नेपालले भाग लिनु भयो । पूरा एक दिन चलेको सो सभामा वर्तमान तथा पूर्व चर्चित गभर्नरहरु, विश्वविद्यालयका प्राज्ञिक व्यक्तिहरु र आर्थिक नीति-निर्माता एवम् अनुसन्धानकर्ताहरुको सक्रिय सहभागिता रहेको थियो ।

३. गभर्नर डा. नेपालले २०७४ वैशाख ७ गते आयोजित विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको South-East Asia Voting समूहको संयुक्त वैठकमा भाग लिनु भयो । उक्त वैठकमा दक्षिण-पूर्वी एशिया समूहका अर्थमन्त्री, गभर्नर र उच्च पदाधिकारीहरुको उपस्थिति रहेको थियो । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको उक्त समूहका कार्यकारी निर्देशकहरुले विश्व अर्थतन्त्र, वित्तीय क्षेत्र र दक्षिण-पूर्वी एशिया क्षेत्रको समसामयिक आर्थिक विषयहरुमा छुट्टाछुट्टै प्रस्तुति दिनुभएको थियो । वहाँहरुको प्रस्तुति विश्व अर्थतन्त्रको दिशा, संयुक्त राज्य अमेरिकाको आर्थिक नीतिले विश्व अर्थतन्त्रमा पार्न सक्ने प्रभाव र विश्व अर्थतन्त्रका सम्भावित जोखिममा केन्द्रित रहेको थियो । यहि क्रममा उक्त समूहका दुबै कार्यकारी निर्देशकहरुले नेपालको अर्थतन्त्र सकारात्मक दिशातर्फ उन्मुख भएको र समष्टिगत आर्थिक व्यवस्थापन सन्तोषजनक रहेको बताएका थिए ।

४. उक्त वैठकको साइडलाइनमा गभर्नर डा. नेपालले मलेशियाका अर्थमन्त्रीसँग नेपालको आर्थिक गतिविधि र विप्रेषण सम्बन्धमा छलफल गर्नुभयो । यसका साथै, गर्भनर डा. नेपालले इण्डोनेशियाका अर्थमन्त्री Sri Mulyani Indrawati सँग समसामयिक विषय र नोट छपाई सम्बन्धमा छलफल गर्नुभएको थियो ।

५. २०७४ वैशाख ७ गते गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषको दक्षिण-पूर्वी एशिया Voting समूहको आगामी अवधिको Rotation Scheme सम्बन्धी MOU मा हस्ताक्षर गर्नुभयो ।

६. गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषका दक्षिण-पूर्वी एशिया समूहका कार्यकारी निर्देशक Mr. Marzunisham Omar सँग शिष्टाचार भेट गर्नुभयो । सो भेटमा अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपाललाई दिंदै आएको Policy Advice, प्राविधिक सहयोग तथा तालिमका बारे छलफल भएको थियो । यसका

साथै नेपालको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रको स्थिति र नेपालले समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रको व्यवस्थापनका लागि चालेका नीतिगत पहलकदमीका बारे छलफल भएको थियो ।

७. गभर्नर डा. नेपालले Asia Pacific Region का Director Dr. Changyoung Rhee सँगको शिष्टाचार भेटका क्रममा नेपाली अर्थतन्त्रको समसामयिक स्थिति र नेपालले अर्धवार्षिक मौद्रिक नीतिमा वित्तीय क्षेत्रको सन्दर्भमा लिएका नीतिगत व्यवस्थाहरुका बारे जानकारी गराउनु भएको थियो । सोही अवसरमा वहाँले Article IV Consultation Mission to Nepal सफलतापूर्वक सम्पन्न गरेकोमा Dr. Rhee र नेपालका लागि IMF Mission टोलीलाई धन्यवाद दिनुभयो । सो भेटमा Dr. Rhee ले नेपाल राष्ट्र बैंकले मौद्रिक तथा वित्तीय व्यवस्थापनका सम्बन्धमा चालेका कदमको सह्राना गर्नुभयो ।




८. गभर्नर डा. नेपालले Monetary and Capital Market (MCM) डिभिजनका उच्च पदाधिकारीहरुसँग नेपालले प्राप्त गरेको र प्राप्तिका लागि अपेक्षा गरेका प्राविधिक सहयोगका विषयवस्तुहरुका बारे छलफल गर्नु हुँदै अन्तर्राष्ट्रिय मुद्रा कोषबाट मौद्रिक तथा वित्तीय क्षेत्र व्यवस्थापनका लागि प्राप्त प्राविधिक सहयोग तथा सल्लाह महत्वपूर्ण रहेको र FSAP Recommendations क्रमशः लागु गर्दै जाने बताउनु भयो । उक्त भेटमा Monetary and Capital Market (MCM) का उच्च पदाधिकारीहरुले नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्रको सुदृढीकरणका लागि अवलम्बन गरेको चुक्ता पूँजी तथा मर्जर एवम् एक्विजिशन सम्बन्धमा चालेको कदम प्रति खुशी व्यक्त गरे ।

९. सो बैठकमा नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन (BAFIA), बैंकिङ्ग कसुर तथा सजाय ऐन जस्ता कानूनी सुधारले नेपालको वित्तीय क्षेत्रमा पार्ने प्रभावका विविध मुद्दाहरुमा छलफल भएको थियो । मौद्रिक व्यवस्थापन, वित्तीय क्षेत्र सुधार, Payments and Settlement, आन्तरिक लेखापरीक्षण लगायतका विविध प्राविधिक विषयमा सहयोग जारी राख्न गभर्नर डा. नेपालले अनुरोध गर्नुभएको थियो । Payments and Settlement का लागि सन् २०१७ जुनमा एक विशेषज्ञलाई नेपाल पठाउने व्यवस्था गरेकोमा गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषलाई धन्यवाद दिनुभएको थियो ।

१०. उक्त बैठकमा गभर्नर डा. नेपालका साथ अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाको समेत सहभागिता रहेको थियो ।

**२०७४ वैशाख १२, मंगलबार** **गभर्नरको कार्यालय**